# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ती
मिति २०७३।०९।२९

यस जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको पाँचौ वार्षिक साधारण सभा मिति २०७३।०९।२९ गते शुक्रबारका दिन आर्मी अफिसर्स क्लव, भद्राकाली, काठमाडौं स्थित सभाहलमा संचालक समितिका सदस्य तथा महालेखा नियन्त्रकको कार्यालयका सह-महालेखा नियन्त्रक श्री जगन्नाथ देवकोटाज्यूको अध्यक्षतामा सम्पन्न भयो । साधारण सभामा संचालक समितको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको कम्पनीको बार्षिक प्रतिवेदन तथा लेखापरिक्षकको प्रतिवेदन सहित २०७३ अषाढ मसान्तको वासलात, आ.व.२०७२।७३ को नाफा नोक्सान र नगद प्रवाह सहितको वित्तीय विवरणहरु छलफल गरी पारित गरियो । साथै महालेखापरिक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम वरिष्ठ चार्टड एकाउन्टेन्ट श्री सुवास झुनझुनवालालाई आर्थिक वर्ष २०७३।७४ को लागि लेखापरिक्षकमा नियुक्त गर्ने प्रस्ताव समेत पारित भयो । यसै वार्षिक साधारण सभाले संचालक समितिको सिफारिस बमोजिम चुक्ता पूँजिको ५ (पाँच) प्रतिशतका दरले नगद लाभांश वितरण गर्न पारित गरेको छ । साथै, कम्पनीको सर्वसाधारण शेयरधनीहरुकोतर्फबाट प्रतिनिधित्व गर्ने संचालक सदस्य पद–१ (एक) को लागि भएको निर्वाचनमा अधिकतम मत प्राप्त गरी श्री मनोज कुमार ज्ञावाली निर्वाचित हुनुभएको छ । संचालक समितिको सिफारिस बमोजिम कम्पनीको प्रवन्धपत्र, नियमावली तथा कम्पनी संचालनका नीतिगत आधारहरुमा थप व्यवस्था एवं संशोधन गर्ने विशेष प्रस्ताव पारित गरेको छ ।

आफ्नो स्थापनाको छोटो समयमै कम्पनीले २० मेघावाट देखि ८६ मेघावाट सम्मका ११ वटा जलविद्युत आयोजनाहरुमा लगानीको निर्णय गरिसकेको छ भने विश्व बैंकबाट नेपाल सरकारलाई ३७.६ मेघावाट क्षमताको कावेली ए जलविद्युत आयोजनालाई प्राप्त हुने ४० मिलियन अमेरिकी डलर पनि यसै कम्पनीको सहायक ऋणमार्फत प्रवाह हुने व्यवस्था गरिएको छ । साथै कम्पनी प्रर्वद्धकको रुपमा रहेको पावर ट्रान्समिसन कम्पनी लिमिटेडले आफ्नो व्यावसायिक कारोवार आर्थिक वर्ष २०७२।७३ बाट शुरु गरेको छ । मुलुकमा विप्रेषणबाट बार्षिकरुपमा  प्राप्त हुने रकमको केही अंश जलजिद्युत आयोजनाको निमार्णमा परिचालन गर्ने उद्देश्यले कम्पनीले रेमिट हाइड्रोको अवधारणा विकास गरी सोको कार्यान्वयनका लागि रेमिट हाइड्रो लिमिटेड नामक सार्वजनिक कम्पनी खडा गरी ताप्लेजुङ्ग जिल्ला स्थित ७१.५ मेगावटको घुन्सा खोला तथा ६७ मेगावटको सिम्बुवा खोला जलविद्युत आयोजना निर्माण गर्ने उद्देश्यले विद्युत विकास विभागबाट सर्वेक्षण अनुमतिपत्र प्राप्त गरिसकेको छ । कम्पनीमा ऋण लगानीका लागि थप प्रस्तावहरु प्राप्त हुने क्रममा रहेको छ भने कम्पनीले आफ्नै नेतृत्वमा जलविद्युत विकासका लागि थप कार्य अगाडी बढाएको छ ।

पाँचौ वार्षिक साधारण सभा अधिकतम शेयरधनीहरुको उपस्थितिमा कम्पनीको क्रियाकलाप र छलफल तथा निर्णयका लागि प्राप्त प्रस्तावहरु उपर बृहत छलफल गरी सम्पन्न भएको तथा कम्पनी संचालनमा शेयरधनी महानुभावहरु लगायत सवै निकायहरुबाट प्राप्त सहयोगको लागि कम्पनीका संचालक समितिका तर्फबाट सञ्चालक समिति सदस्य एवं साधारण सभाका सभाध्यक्ष श्री जगन्नाथ देवकोटाज्यूले सवैलाई धन्यवाद प्रदान गर्नु भयो ।